बुद्धभूमि नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४ को अनुसूची -२
दफा ४ तथा अनुसूची १ को भाग २ सँग सम्बन्धित

# बुद्धभूमि राजपत्र

## कपिलवस्तु

## (स्थानीय राजपत्र)

खण्ड १ बर्ष ६ अंक २४ मिति : मंसिर २६ गते २०७९

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम बुद्धभूमि नगरपालिकाले बनाएको तल उल्लेखित बमोजिमको ऐन, कार्यविधी, निर्देशिका सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।**

## भाग -२

तपसिलः

बुद्धभूमि नगरपालिकाको प्राइभेट फर्म दर्ता सम्बन्धि कार्यविधि, २०७७ प्रथम संसोधन प्रस्ताव

| क्र.स | विषय | बुद्धभूमि नगरपालिकाको प्राइभेट फर्म दर्ता सम्बन्धि कार्यविधि, २०७७ | संसोधन पश्चात् कायम हुने व्यवस्था | संसोधन गर्नुपर्ने कारण | कैफियत |
|---|---|---|---|---|---|
| १ | बुद्धभूमि नगरपालिकाको प्रा.फ. कार्यविधि २०७७ को दफा – ८, प्रदेश प्राइभेट फर्म दर्ता ऐन, २०७६ बमोजिम यो कार्यबिधि प्रारम्भ हुनु पुर्ब दर्ता तथा नविकरण भपका फर्मको अद्यावधिक र नविकरण समबन्धमा। | प्राइभेट फर्म दर्ता ऐन, २०७६ को दफा ३ को उपदफा (२) बमोजिम यो कार्यविधि प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम दर्ता तथा नवीकरण भएको फर्मले दर्ता अद्यावधिक गर्न कार्यविधि प्रारम्भ भएको मितिले एक वर्ष भित्र अनुसूची - ६ बमोजिमको ढाँचामा नगरपालिका समक्ष दरखास्त दिनुपर्नेछ। | प्राइभेट फर्म दर्ता ऐन, २०७६ को दफा ३ को उपदफा (२) बमोजिम यो कार्यविधि प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम दर्ता तथा नवीकरण भएको फर्मले दर्ता अद्यावधिक गर्न २०७९ पौष मसान्त भित्र अनुसूची - ६ बमोजिमको ढाँचामा नगरपालिका समक्ष दरखास्त दिनुपर्नेछ। | दर्ता अद्यावधिकका लागि सबै फर्म नगरपालिकको सम्पर्कमा आइनसकेकोले एक पटकको लागि म्याद थप गरेर अद्यावधिक गर्नु पर्ने देखिएकोले। | लुम्विनि प्रदेशको प्रदेश आर्थिक ऐन, २०७९ को दफा १२ मा भएको व्यवस्था मुताविक लुम्विनि प्रदेशको प्राइभेट फर्म दर्ता ऐन, २०७६, सोहि ऐनको नियमावली २०७७ र बुद्धभूमि नगरपालिकाको प्रा.फ. सम्बन्धी कार्यविधि, २०७७ को कार्यान्वयनमा सहज हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | बुद्धभूमि नगरपालिकाको प्रा.फ. कार्यविधि २०७७ को दफा – ८ को उपदफा ३-<br>(प्रदेश प्राइभेट फर्म दर्ता ऐन, २०७६ लागु हुनु पुर्व नविकरण गर्ने अवधि सकिएका प्रा. फ. नविकरण र अद्यावधिक गर्ने समय थप समबन्धमा समबन्धमा।) | प्राइभेट फर्म दर्ता ऐनको दफा ५ को उपदफा (२) बमोजिम आकर्षित हुने प्राइभेट फर्महरूको हकमा त्यस्ता प्राइभेट फर्मका धनीले एक पटकको लागि कार्यविधि प्रारम्भ भएका मितिले एक वर्ष भित्र अनुसूची - ७ बमोजिमको ढाँचामा फर्म नवीकरण गरी अद्यावधिक गर्नका लागि एक सय रूपैयाँ दरखास्त दस्तुर सहित नगरपालिका समक्ष दरखास्त दिन सक्नेछ। | ऐनको दफा ५ को उपदफा (२) बमोजिम आकर्षित हुने प्राइभेट फर्महरूको हकमा त्यस्ता प्राइभेट फर्मका धनीले एक पटकको लागि २०७९ पौष मसान्त भित्र अनुसूची - ७ बमोजिमको ढाँचामा फर्म नवीकरण गरी अद्यावधिक गर्नका लागि एक सय रूपैयाँ दरखास्त दस्तुर सहित नगरपालिका समक्ष दरखास्त दिन सक्नेछ। | दर्ता अद्यावधिकका लागि सबै फर्म नगरपालिकको सम्पर्कमा आइनसकेकोले एक पटकको लागि म्याद थप गरेर अद्यावधिक गर्नु पर्ने देखिएकोले। | लुम्विनि प्रदेशको प्रदेश आर्थिक ऐन, २०७९ को दफा १२ ले समेत २०७६/७७ सम्मको वार्षिक विवरण शुल्क नबुझाएका र नविकरण नगरेका फर्मलाई शुल्कमा छुट सहित २०७९ पौष मसान्त सम्म नविकरण गर्ने व्यवस्था गरेको |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | बुद्धभूमि नगरपालिकाको प्रा.फ. कार्यविधि २०७७ को दफा – ८ को उपदफा ४ (क) - प्रदेश प्राइभेट फर्म दर्ता ऐन, २०७६ लागु हुनु पुर्व नविकरण गर्ने अवधि सकिएका प्रा. फ. नविकरण र दर्ता अद्यावधिक शुल्क समबन्धमा। | क) यो कार्यविधि प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम प्रत्येक नवीकरण अवधिको लागि लाग्ने नवीकरण दस्तुरको तेब्बर दस्तुर र नवीकरण गराउन नसकेको पाँचलाख सम्म पूँजी भएको प्राइभेट फर्मको हकमा त्यस्ता प्राइभेट फर्मबाट प्रत्येक वर्षका लागि थप दुई हजार पाँचसय रुपैयाँ दस्तुर लिई फर्म नवीकरण गरी दर्ता अद्यावधिकको प्रमाणपत्र प्रदान गरिनेछ। | (क) मिति २०७९ पौष मसान्त सम्म दर्ता अद्यावधिक तथा नविकरण हुन आउने प्राइभेट फर्मलाई यो कार्यविधि बमोजिम प्रत्येक नवीकरण अवधिको लागि एक हजार रुपैयाँ दस्तुर लिई फर्म नवीकरण गरी दर्ता अद्यावधिकको प्रमाणपत्र प्रदान गरिनेछ। | लुम्विनि प्रदेशको प्राइभेट फर्म दर्ता ऐन, २०७६ लागु हुन पुर्व नविकरण अवधि समाप्त भइसकेका प्रा.फ. लाई एक पटकको लागी छुट सुविधा सहित दर्ता अद्यावधिक गरी नियमित गराउन आवश्यक देखिएकोले। | लुम्विनि प्रदेशको प्रदेश आर्थिक ऐन, २०७९ को दफा १२ ले समेत २०७६/७७ सम्मको वार्षिक विवरण शुल्क नबुझाएका र नविकरण नगरेका फर्मलाई नविकरण तथा शुल्कको ५% मात्र कर बुझार २०७९ पौष मसान्त सम्म नविकरण गर्ने व्यवस्था गरेको। |

आज्ञाले
रमेश गौतम
प्रमुख प्रशासकीय अधिकृत